# प्राचीन नेपाली समाजमा नारीको स्थान: लिच्छविकालका अभिलेख नियाल्दा

सुशीला मानन्धर

श्रद्धेय श्री धनबज्र बज्राचार्यको लिच्छविकालका अभिलेख नेपालको प्राचीन इतिहासको एक महत्वपूर्ण श्रोत हो। संस्कृत पढ्न नजान्ने अनुसन्धानकर्ता, शिक्षक एवं विद्यार्थीवर्गलाई यस पुस्तकमा रहेको अनुवाद र व्याख्याले प्राचीन इतिहास र संस्कृति अध्ययनार्थ ठूलो योगदान पुऱ्याएको छ।

तत्कालीन शासक एवं विशिष्ट अधिकारीहरूबाट जारी गरिएका विभिन्न सनदपत्रहरू (स्थिति वन्देज), राजा, राजपरिवार लगायत विभिन्न व्यक्तिले राखेका धर्मकृति आदि समेत गरी जम्मा १९० वटा अभिलेखहरू यस ग्रन्थमा समावेश भएका छन्। ती मध्ये ४३ वटा अभिलेखहरू प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा नारीसंग सम्बन्धित छन्। यी अभिलेखहरूमा तत्कालीन नेपाली समाजमा नारीहरूका विविध स्थितिहरू (धार्मिक, शैक्षिक, राजनैतिक, आर्थिक आदि) माथि प्रकाश पारिएको छ।

यस पुस्तकमा अभिलेखका हरेक विषयवस्तुलाई ऐतिहासिक प्रमाण सहित व्याख्या गरी प्रष्ट पारिएको छ। तर ती संपूर्ण अभिलेखहरूको समुच्चै अध्ययन गरी क्रमवद्ध इतिहास लेख्ने लक्ष भने बज्राचार्यको रहेको थिएन। सोही समष्टिगत स्वरूपको अध्ययनको अभावको पूर्ति गर्ने प्रयासमा यस पुस्तकमा समाविष्ट सामाग्री (अभिलेखहरूको अनुवाद र व्याख्या एवं पूर्ण प्रकाशित इतिहास) को विश्लेषण र समालोचना गर्ने प्रयास यस लेखमा गरिएको छ।

## पारिवारिक सम्वन्ध र नारी

समाजमा नारीको स्थानको उल्लेख गर्दा परिवार एवं व्यक्तिको रूपमा नारी र पुरूषको के कस्तो स्थान छ त्यो उल्लेख गर्न जरूरी छ। बज्राचार्यले विभिन्न अभिलेखहरूको व्याख्या गर्ने क्रममा तत्कालीन समाजमा नारीको स्थिति धेरै उच्च नभए पनि त्यति साह्रै गिरेको पनि थिएन भन्ने सिद्ध गर्ने प्रयास गरेका छन्।

समाजमा आपसी हार्दिक संबन्धको ठूलो महत्त्व रहेको हुन्छ। तत्कालीन समाजमा राजा र जनता बीचको सम्बन्ध शासक र शासितको नभई पिता र पुत्रको (बज्राचार्य, २०३०: ९५) जस्तो हार्दिक थियो। त्यस्तै पति र पत्नीका बीच अगाध प्रेम, सन्तान प्रतिको माया र ममता, आमाबाबु प्रति अगाध भक्ति एवं मर्यादा तथा संपूर्ण प्राणीहरूप्रति नै स्नेहको

*Contributions to Nepalese Studies*, Vol. 23, No. 1 (January 1996), 307–318.
Copyright © 1996 CNAS/TU

भावना राख्ने सामान्य चलन रहेको कुरा विविध अभिलेखहरूवाट पुष्टि हुन्छ। समाजमा आमावावु प्रति सम्मान र आदर गर्ने चलन रहेको कुरा केहि अभिलेखहरूले स्पष्ट पारेका छन्। जस्तैः संबत् ४२७ मा निरपेक्ष भन्ने व्यक्तिले आफ्ना आमा बाबुको सालिक स्थापना गरी त्यसबाट प्राप्त पुण्यले स्वर्गीय आमावावुको अर्को जन्ममा पुनः मिलन होस् भन्ने कामना गरेका थिए (बज्राचार्य २०३० अभिलेख सं. १९: ७९-८१)। परमोपाशक मनिगुप्तले पत्नी समेत भई आफ्ना आमाबाबु लगायत सकल प्राणीको हित चिताई आर्यावलोकितेश्वर स्थापना गरेका थिए (अ. ४०: १७७-७८)। त्यस्तै मानदेवकी छोरी तर्फका छोरा भारवीले आमाबाबुको पुण्य बढोस् भनि मंगलवजारको प्रसिद्ध धारा स्थापना गरेका थिए (पृ. ५२: २०८-२१०)। पतिव्रता देशतारीकाले आफ्ना काका वभु वर्माको अनन्तकाल सम्म स्वर्गमा वास होस् र आमाबाबु, पति एवं आफ्नो समेत पुण्य वढोस् भनि मातृकागणको जीर्णोद्धार गरेका थिए (अ. ५३: २११-२१३)। धर्मपालकी मुख्य भित्रिणी मृगिणीले आमाबाबु र पति सहित सकल प्राणीको दुःख निवारण र मोक्षको कामना गरी आर्यभिक्षुणीसंघलाई गुठी दान गरेकी थिइन् (अ. ९५: ३८२-३८३)। भिक्षु वन्धुभद्रले आमाबाबु लगायत सकल प्राणीको लागि दान धर्म गरेका थिए ( अ. १२१: ४५६) विष्णुवर्मालि मातापिता लगायत संपूर्ण प्राणीको पुण्यको लागि जलद्रोणी स्थापना गरेका थिए ( अ. १६९: ५८६)।

मानदेवले आफ्नी आमाको पुण्य बृद्धिको लागि (अ. ५: ३५-३८) विष्णुको मूर्ति स्थापना गरेबाट उनी आमाप्रति पूर्ण सम्मान गर्थे भन्ने देखिन्छ। त्यस्तै जयदेवले पशुपतिलाई ८ पत्रे चाँदीको कमल चढाई त्यसको पुण्य आमाप्रति समर्पण गरेका थिए (अ. १४८: ५५५-५९)। मंगलवजारको धारामा "माता . ... " (अ. १८४: ५९६-९७) उल्लेख भएको छ।

मानदेवकी पत्नी गुणवतीले शिवलिङ्ग स्थापना गरी आफ्ना स्वर्गीय पिता किन्नरवर्मामा समर्पित (अ. १५: ६५-६६) गरेबाट उनी बाबुप्रति निकै श्रद्धा राख्दथे भन्ने देखिन्छ। त्यस्तै जयसुन्दरीले पनि आफ्नो बुबा र आफ्नै कल्याणको कामना गरी धारा जीर्णोद्धार गराएका थिए ( अ. २६: १३२-१३४)।

नारीहरूले आफ्नो धर्मकर्मको फल आमाबाबुप्रति मात्र नभै आफ्ना पति र सन्तानको पुण्यको लागि पनि समर्पण गरेका अभिलेखहरू पाइन्छन्। माथि उल्लेखित केही अभिलेखहरूका अतिरिक्त निम्न अभिलेखहरू उदाहरणको लागि लिन सकिन्छ। छोरा जयदेवले आफूलाई चढाएको पुण्य एवं आफूले गरेको धर्मको फल आफ्ना पतिप्रति समर्पण गरेको अभिलेख (अ. १४८: ५५५-५५६)। आभिरीले आफ्ना पतिको पुण्य वढोस् भन्ने कामना गरी छोराको अनुमति लिई दानधर्म लगायत अनुपरमेश्वर स्थापना गरेको तथा छोरा भौमगुप्त एवं अन्य सन्तानको सुखको कामना गरी उक्त देव मन्दिरमा नित्य पूजा एवं मर्मत संभारको लागि गुठी राखिदिएको अभिलेख (अ. ३८: १७०-७४)। एक रानीले पतिको पुण्य र आफ्नो मोक्षको कामना गरी कुनै देवता स्थापना गरेको अभिलेख (अ. ८७: ३६६-३६७) इत्यादि।

यतिमात्र नभई व्यक्तिगत प्रतिष्ठा एवं लोक हितको चाहनामा कतिपय नारीहरूले कृतिहरू राखेका उदाहरण पाइन्छन्। जस्तैः विजय स्वामिनीले विजयेश्वरी स्थापना गर्नु

(अ. १६: ६७-७०)। भोजमतिले स्थानिय वासिन्दाले सधै खान पाउन् भन्ने कामना राखी जलद्रोणी स्थापना गरी संभारार्थ गुठी राख्नु (अ. १४७: ५४७), जयवर्तिकाले..... छत्रफुल चढाई गुठी राख्नु (अ. ९०: ३७२-७३), कलहाभिमानी राजाकी विधवा भाई वुहारीले धारा स्थापना गरी गुठी राख्नु (अ.१४४: ४३१-३२), एक दयालु भिक्षुणीले प्राणीहितको कामना गरी जलद्रोणी स्थापना गर्नु (अ. १८१: ५९५-६) आदि।

माथि उल्लेखितमध्ये केही अभिलेखहरूको उल्लेख गर्दै पूर्व इतिहासकारहरूले समाजमा आमाबाबुको स्थान वरावर रहेको कुरा दावी गरेका छन्। यति मात्र नभई यी अभिलेखहरूले परिवारकै सम्बन्धलाई प्रष्ट पार्ने एवं समाजमा पारिवारिक वन्धनको निकै महत्व थियो भन्ने कुरा वुझिन्छ। जस्तैः भारवीको अभिलेखमा (अ. ४१: १७९-८१) मानदेवका छोरीका छोरा भनी प्रष्ट गरिएको छ। साथै कृतिहरू राख्दा आफ्नो निकटतम एवं प्रियतमको नाममा पुण्यानुमोदन गर्दथे। जस्तै मानदेव आमाको रेखदेखमा हुर्के र उनमा निकटतम रहे तसर्थ उनले आफ्नी आमाको पुण्य बृद्धिको लागि विष्णु विक्रान्त मूर्तिको स्थापना गरे'। त्यस्तै जयदेवले आफ्ना धर्मको पुण्य आफ्नी आमाप्रति चढाए भने देशतारिकाले पुण्यानुमोदन गर्दा आफ्ना काका वभुवर्मा, पति, मातापिता र आफु समेतको पुण्य वृद्धिको कामना गरेको पाईन्छ। तसर्थ डा. हित नारायण झाले (Jha, 1970: 175) तत्कालीन महिलाहरू आफ्ना निकटतम प्रिय व्यक्ति र आफ्नै पुण्यको कामना गरी धार्मिक कृतिहरू र लोककल्याणकारी चन्दाहरू स्थापित गर्दथे भन्नुमा गल्ती देखिंदैन।

एक अभिलेखमा आभिरीले आफ्ना पतिलाई "देवता" संवोधन गरेको कुरालाई लिएर कतिपय इतिहासकारहरूले नारीको स्थान पुरूषको भन्दा निकै गिरेको आशंका गरेका छन्। नेपाली समाजमा आफ्नो प्रिय व्यक्तिलाई हृदयेश्वर, हृदयेश्वरी, प्राणदेव, प्राणेश्वरी आदिबाट संबोधन गरी देव देवीको दर्जा दिने चलन हालसम्म प्रचलित छ। साथै हाल जस्तै त्यस समयमा पनि पति वा पत्नीको नामोच्चारण नगर्ने चलन रहेको अनुमान (बज्राचार्य , २०३०: १७१) गर्न सकिन्छ। यतिमात्र नभै त्यस अभिलेखमा "देवता हुनु भएका " भनि "मृत्यु भएका" भन्ने अर्थमा हाल पनि यो चलन छ। कारण त्यस अभिलेखमा "देवता" मात्र संवोधन गरेको नभै "देवता हुनु भएका" अर्थात स्वर्गवास भएका भन्ने वाक्यांश उल्लेख भएको पाइन्छ। त्यसैले यस अभिलेखले पतिलाई परमेश्वर मानेको ठान्नु उचित नहोला । बरू यी वाक्यांशले पारिवारिक सदभावनालाई जनाउँछन्। यसरी तत्कालीन समाजमा पारिवारिक वा आपसी सम्बन्धको ठूलो महत्व रहेको बुझिन्छ। जस्तै कुनै व्यक्तिले पंचोपराध गरेमा सम्पूर्ण परिवारनै दण्डका सहभागी हुन्थे (अ. ४४८-४५१। अ. १३३: ४९६-९८) मानवीय एवं आपसी सद्‌भावनाले समाजमा ठूलो स्थान पाएको थियो। तसर्थ कसैले धर्मकृति राख्दा त्यसको फलबाट सम्पूर्ण प्राणीकै कल्याण होस् भनी कामना गरेको अनेकौ अभिलेखहरू पाइन्छन्।

**वहुविवाह**

विभिन्न अभिलेखहरूको अध्ययन गर्दा मानदेवका क्षेमसुन्दरी, गुणवती र भोगिनी गरी तीन्न पत्नीहरू थिए भन्ने स्पष्ट हुन्छ (अ. ६: ३९-४०। अ. १५: ६५-६६। अ. २०: ८२-

८४)। त्यस्तै भिक्षुणी संघका लागि जग्गादान दिने एक सम्पन्न नारी धर्मपालकी भित्रिनी थिइन् (अ. ९५: ३८२-८३) भन्ने पनि स्पष्ट बुझिन्छ। तसर्थ तत्कालीन समाजमा संपन्न कुल र राजपरिवारमा वहुविवाहको प्रचलन रहेको प्रष्ट हुन्छ। सर्व साधारणमा वहुविवाह प्रचलित थियो वा थिएन भन्ने उदाहरण पाइँदैन।

## डोलाजि प्रथा

त्यस समय डोलाजि प्रथा थियो वा थिएन भन्ने कुरा कुनै अभिलेखवाट प्रष्ट हुदैन। तर सुरसेन र भोगदेवीका (अंशुवर्माकी बहिनी) छोराले आफ्नो बाबुको "सेन" को सत्ता मावलि तर्फको "वर्मा" अर्थात भोगवर्मा भनि परिचित गराएबाट (अ. ५८: ३६०) कतै सुरसेन डोलाजि त थिएनन् भन्ने प्रश्न उठ्छ। त्यसैले भोगवर्माले आफ्नो व्यक्तित्वको परिचय मावली तिरबाट दिएका त थिएनन् भन्ने आशंका गर्न सकिन्छ।

## पुनर्विवाह

विष्णुगुप्तले संवत ५७ मा 'कसैको पति हराएमा, मरेमा, जोगी भएमा, राजदण्ड पाएमा वा पतित भएमा पत्नीले पुनर्विवाह गर्न पाउने' पूर्व नियम कायम राख्दै (अ. ११६: ४३८-४४१) एक सनद जाहेर गरेका थिए। यस सनदमा पारपाचुकेको स्पष्ट व्यवस्था नभएतापनि विधवा विवाह र पुनर्विवाहलाई कानूनी मान्यता दिएको देखिन्छ। रेग्मीले (२०२६: ३४५) यो नियम उच्च वर्गमा लागु हुदैन थियो कि भन्ने शंका गरेका छन्।

उच्च वर्गमा होस् वा निम्न वर्गमा यो नियम अनुसार पुनर्विवाह गर्न एक नारीको लागि निकै अप्ठेरो पर्ने देखिन्छ। कारण माथि उल्लेखित विविध अवस्थामा मात्र पुनर्विवाह गर्न पाउने हक दिएको देखिन्छ भने त्यस्तै अति अपठ्यारो स्थितिमा एक स्त्रीले पुनर्विवाह गरेको खण्डमा पनि उक्त नारीलाई "चरित्रहीन" मानिन्थ्यो। धेरै पल्ट विवाह गर्नेलाई "लाज पचाएको" अर्थात "कामवासना लिप्त" को संज्ञा दिइन्थ्यो। साथै पुनर्विवाहवाट पनि निसन्तान भएमा कुनै विशेष मापचोक अड्डामा कर तिर्नु पर्दथ्यो (अ. ११६: ४३८-४४१)।

यसरी सो अभिलेखलाई राम्ररी विचार गर्ने हो भने एकातिर यसले नारीलाई पुनर्विवाहको हक कानूनीतवरले प्रदान गरेको जस्तो देखिन्छ भने अर्को तर्फ यसरी पुनर्विवाह गर्नेलाई चरित्रहीन ठान्ने मात्र नभई निसन्तान भएमा केही हदसम्म सरकारी कारवाहीमा समेत पर्ने व्यवस्था गरिएको छ। तसर्थ "".. Though they (women) were enjoyed the right of divorce & remarry women described as characterless.." (Regmi, 1967:72) भन्नुमा सत्यता रहेको पाइन्छ। तसर्थ पुनर्विवाहलाई प्रोत्साहित गर्ने अभिप्राय यो नियमको देखिँदैन।

## नारी संरक्षण.......?

भिमार्जुन र विष्णुगुप्तको संवत ६४ को अभिलेख (अ. ११७: ४४२-४४७) र संवत ६५ को त्यस्तै अर्को अभिलेख (अ. ११८: ४४८-४५१) अध्ययन गर्दा के प्रष्ट हुन्छ भने

लिच्छवि कालमा कसैले अन्य व्यक्तिको पत्नी माथि आँखा लगाएमा त्यसलाई पंचोपराध (पंच महाअपराध) मध्ये एक मानी सजाय दिइन्थ्यो। यस्तो अपराध गर्नेलाई मात्र नभई अपराधीका संपूर्ण परिवारलाई नै सजाय दिइन्थ्यो। यी अभिलेखहरूमा दुई निश्चित ईलाकाहरूका जनतालाई यस दण्डमा कटौती गरी अपराधीको निजी संपति वाहेक अंशियारको संपतिमा सरकारको हक नलाग्ने गरिदिएका थिए।

त्यस्तै राजा नरेन्द्रदेवले संवत १०३ मा आर्यभिक्षुसंघलाई एक गाउँ दान दिई त्यस्तै स्थितिवन्देज गरि दिएका थिए (अ. १३३: ४९६-४९८)। आफुले भिक्षुसंघलाई दान दिएको ईलाका भित्र वसोवास गर्ने कुनै व्यक्तिले पंचोपराध गरेको खण्डमा (...... अर्काकी स्वास्नी हेर्ने) अपराधीको शरिर राजदरवारको, उनको श्रीसंपति र जहान वच्चा आर्यभिक्षुसंघको जिम्मा लाग्ने सनद गरिदिएका थिए। यस्तो कडा नियम हुँदा हुँदै संवन्ध विच्छेद विना एक नारीको पुनर्विवाह कतिको संभव हुन्थ्यो त्यो सोचनीय छ। यो सनदमा संवन्धविच्छेदको व्यवस्था कतै उल्लेख भएको छैन।

यी दुई अभिलेखहरूलाई सरसर्ती हेर्दा तत्कालीन समाजमा नारी संरक्षणको राम्रो व्यवस्था थियो भन्ने देखिन्छ। तर वास्तविक रूपमा यसले नारीको नभई विवाहित नारी माथि पतिको हक सुरक्षित गर्ने गरेको पाईन्छ।

अभिलेख १३३, १३४ र १४९ (पृ. ४९६-५०६। ५६२-७२) मा "...... यदि कुनै गर्भिणी महिलाको मृत्यु भएको खण्डमा सरकारी अधिकारी "दोवारिका" को अगाडी गर्भ झिकेर मात्र उनको दाहसंस्कार गर्न पाउने र सो गर्भ झिक्दा मृतकका पति वा अभिभावकले १०० पण दस्तुर तिर्नु पर्ने व्यवस्था गरिएको छ। यसलाई हेर्दा गर्भवती नारीको सुरक्षा र हेरचाह राम्ररी गर्नु पर्ने व्यवस्था गरिएको हो कि भन्ने देखिन्छ। तर गहिरिएर अध्ययन गर्दा यहाँ नारीकोभन्दा बढी गर्भोद्धारको लागि महत्व दिएको पाईन्छ। किनकि स्थितिवन्देजमा गर्भवतीको मृत्यु भएकोमा कर तिर्नु पर्ने नभई गर्भ उद्धार गरेको मात्र तिरे पुग्ने कुरा स्पष्ट उल्लेख छ। यसरी यो गर्भ उद्धारार्थ वनेको नियम मान्न सकिन्छ, यसमा नारी संरक्षणको कुनै आभास पाइदैन।

## सती प्रथा

चाँगुनारायण स्थित मानदेवको अभिलेख (अ. २: ९-३०) लाई औल्याएर प्राय संपूर्ण स्वदेशी एवं विदेशी इतिहासकारहरूले प्राचीनकालमा सतीप्रथा प्रचलित रहेको कुरा लेखेका छन्। तर त्यस शिलालेखको आठौं, नवौं र दशौं श्लोकहरूलाई (अनुवाद: १५) अध्ययन गर्दा त्यसवेला सतीप्रथा सामाजिक संस्कारका रूपमा विद्यमान नभई पतिको मृत्युवाट उठेको विरक्तिका भावना मात्र हो कि जस्तो देखिन्छ। पतिको बिछोडको व्यथावाट मुक्ति पाउन राज्यवतीले पतिकै साथ प्राण त्याग गर्ने भाव व्यक्त गरेको छ भने राजकुमार मानदेवले पनि आफूले पहिले प्राण त्याग्ने कुरा व्यक्त गरेको पाइन्छ। यसरी धर्मदेवको मृत्युमा आमा छोरा अर्थात राज्यवती र मानदेव दुवै सती जान खोजेको हुन् त? भन्ने प्रश्न उठ्न सक्छ। यदि हुन् भने नारीले मात्र नभई पुरूषले पनि सती प्रथा

पालन गर्नु पर्ने थियो त? वा ती वाक्यहरूले पारिवारिक संवन्धमा रहेको असीम प्रेम भाव प्रदर्शन गरेका मात्र हुन्?

अन्तमा राज्यवतीले प्राण त्याग नगरी शासन सम्हाल्न मानदेवको सहयोगी भै जीवन विताउने निर्णय (स्लोक ११: १५) गरेकी थिइन्। यसरी त्यस समय सतीप्रथा सामाजिक नियम वा अनिवार्य संस्कारको रूपमा विद्यमान थिएन भन्ने प्रष्ट हुन्छ। यो एक अभिलेख वाहेक अन्य कुनै अभिलेखहरूमा पतिको मृत्युपछि पत्नीले प्राण त्याग गर्नु पर्ने कुराको उल्लेख गरेको पाईदैन। राजपरिवार होस् वा सर्वसाधारण नारीहरूले विधवाको रूपमा पनि जीवन निर्वाह गरेको पाईन्छ। उनीहरूले आ-आफ्नो गच्छेअनुसार आफ्नो वा आफ्नो निकटतम र प्रियतमका पुण्य कामना गरी विभिन्न धर्मकृति राखेको देखिन्छ। उदाहरणार्थ रानी वत्सदेवी (अ. १४८: ५५५-५५६) , देशतारिका (अ. ५३: २११-२१३), आभीरी (अ. ३८: १७०-७४) आदि विधवाहरूले विविध धर्मकृति राखेका कुरालाई लिन सकिन्छ। यसरी एक अभिलेखको आधारमा तत्कालीन समाजमा सतीप्रथा थियो वा थिएन, भए कुन अवस्थामा थियो भन्ने प्रमाणित गर्न सकिदैन। इसवी संवतको उन्नाइसौ वीसौ शताब्दी ताकाका विभिन्न अभिलेखहरूले के प्रष्ट गर्छन् भने त्यसताका राजपरिवारमा यो प्रथा प्रचलित रहेको र ब्राम्हणवर्गमा यसको प्रचलन दुर्लभ रहेको थियो (Michaels 5, 1992: 29)। प्राचीन कालका अभिलेखहरू हेर्दा शासक वर्गमा पनि यसको प्रचलन सून्य रहेको पाइन्छ। नत यस प्रथालाई हतोत्साही गर्न सुरेन्द्र विक्रम शाहको ऐनमा जस्तो (२०२२ साल: ४२१-४२५) कानुनी व्यवस्था नै गर्नु परेको थियो। तसर्थ प्राचीनकालको सतीप्रथा सामाजिक नियम थिएन तर पतिव्रता भै वस्ने प्रचलन थियो भन्न सकिन्छ । कारण प्राय धेरै जसो कृतिहरूका पतिव्रता भै वस्ने प्रथाले गर्दा पुनर्विवाहको लागि भने नारीहरू पूर्ण स्वतन्त्र थिएनन् भन्ने प्रष्ट हुन्छ।

## आर्थिक स्थिति

चर्चितकालमा केही नारीहरू आर्थिक दृष्टिले संपन्न थिए भन्ने कुरा तत्कालीन कृतिहरूवाट प्रष्ट गर्दछ। उनीहरू आफ्नो संपतिवाट धार्मिक एवं लोक कल्याणकारी कृयाकलाप गर्न स्वतन्त्र थिए। साथै राजपरिवारका नारी मात्र नभइ सर्वसाधारण एवं भित्रिनीहरूको समेत व्यक्तिगत संपति हुन्थ्यो भन्ने स्पष्ट बुझिन्छ। तर आभिरी नामक विधवाले आफ्नो पतिको पुण्य कामना गरी धर्मकीर्ति राख्दा छोराको अनुमति प्राप्त गरेको कुरालाई लिएर रेग्मीले (२०२६: ३४२-४३) तत्कालीन समाजमा विधवा नारीको आर्थिक स्वतन्त्रता माथि शंका व्यक्त गरेका छन्। कतिपय अन्य अभिलेखहरू हेर्दा सधवा होस् वा विधवा या भित्रिनी नै किन नहोस् कसैको अनुमति विना आ-आफ्नो धर्मकीर्ति राखेको पाइन्छ। जस्तैं जयसुन्दरीले धारा मर्मतार्थ गुठी राख्नु (अ. २६: १३३-३४), एक विधवा भाई बुहारीले धारा वनाउनु र संभारार्थ गुठी राख्नु (अ. १४४: ४३१-३२), मृगिणिले आर्यभिक्षुणी संघको लागि गुठी राख्नु (अ. ९५: ३८२-३८३), जयवर्तिकाले छत्रफुल चढाउनु (अ. ९०: ३७२-७३), सुवर्ण गोमिनीले दान दिनु (अ. १२५: ४७२-७३),

मानमतिले खेत गुठी राख्नु (अ. ३९: १७५-७६), विधवा देशभत्तारिकाले मातृकागणको पुनरोद्धार (अ. १७: २११-२१३) गर्नु, भोगदेवीले सूरभोगेस्वर, भाग्यदेवीले लडितमहेस्वर स्थापना गर्नु (अ. ८५: ३६६-३६७), ईत्यादि।

यस प्रकार संपन्न नारीवर्गले आफ्नो संपति इच्छानुसार खर्च गरेको पाईन्छ। छोराको आज्ञावारे विचार गर्दा उनी विधवा नारी भएर मात्र यस्तो अनुमतिको आवश्यकता भएको हो त भन्ने प्रश्न उठ्छ। यस सन्दर्भमा अन्य अभिलेखहरू अध्ययन गर्दा सधवा वा विधवा महिलाले मात्र नभई पुरूषले पनि मान्यजनको आज्ञा लिएको पाईन्छ। उदाहरणार्थ संवत ३८८ मा एक पुरूष अधिकारीले मानदेवको आज्ञा लिएर आफ्नो कृति राखेको (अ. ३: ३१-३३) कुरालाई लिन सकिन्छ। चाँगुनारायण स्थित मानदेवको अभिलेखमा मानदेवले आफ्नी विधवा आमाको सल्लाह र रेखदेखमा शासन चलाएको कुरा उल्लेख छ (अ. २: ९-३०)। रेग्मीका (२०२६: ३४७) भनाई अनुसार मानदेवले पनि आमाको आज्ञा लिएर मात्र शासन चलाएका थिए। तसर्थ समाजमा कुनै पुरूष त कुनै समय नारीको सहयोग र सल्लाहको आवश्यकता रहेको र त्यसै अनुरूप सहमति र अनुमति प्राप्त गरी कार्य गरेको पाईन्छ यसैले विधवा नारीको आर्थिक स्वतन्त्रता माथि शंका गर्न सकिदैन। तर यो एक पारिवारिक सल्लाह र सहमतिको रूपमा लिन सकिन्छ। यस्तो सल्लाह संयुक्त परिवारमा जहाँ पनि हुने गर्दछ।

रेग्मी (1969m 273-74) ले पैत्रिक संपतिमा छोरीको हकवारे उल्लेख भएका अभिलेख नपाएको कुरा व्यक्त गरेका छन् भने त्यसै वर्ष प्रकाशित अन्य पुस्तकमा (रेग्मी, २०२६ सालः ३४३) राजकुमारी जयसुन्दरीलाई जयदेवले हस्तान्तरण गरेको ग्रामीण ईलाका उनका पिता महिदेवले छोरी भाग पेवा "दाई जो" दिएको अनुमान गरेका छन्। यस विषयमा अभिलेखहरूमा (अ. २२: ९१-१०९। अ. २६: १३२-१३४) राजा वसन्तदेवले जयसुन्दरीलाई उनका सन्तान दरसन्तानले भोग गर्न पाउने गरी एक कोट्ट प्रदान गरको छ। त्यस कोट्टको चार किल्ला छुट्याई सो ईलाका भित्र वसोवास गर्ने र भविष्यमा वसोवास गर्न आउने वासिन्दाहरूले जयसुन्दरी र उनका परिवारलाई भाग, भोग, कर, पिण्डक वुझाई उनैको आज्ञा र रेखदेखमा जीवन निर्वाह गर्नु भनी आदेश दिएका थिए। यसरी छोरीले पनि पैत्रिक संपतिको केहि भाग वृति स्वरूप पाएको मात्र नभई आफ्नो क्षेत्रका स्वतन्त्र अधिकारी समेत बनेको देखिन्छ।

सर्वसाधारण नारीले यस्तो पेवाहरू पाए नपाएको कुनै अभिलेख भेट्टिएको छैन । तैपनि राजपरिवार र गण्यमान्य परिवारका नारीले मात्र नभई विभिन्न महिलाहरूले अनेकन कृति राख्नु र आमा वावुको नाममा पुण्यानुमोदन गर्नु आदिवाट उनीहरूले पनि यस्तै केही भाग पाएको वा पति र पतिका परिवारको हक नलाग्ने भएकोले संपतिको मालिक उनीहरू पनि थिए कि भन्ने अनुमान गर्न सकिन्छ।

केही अभिलेखहरू (अ. ६०, ६१, ६२, ६३ र ६४: २४४-२६२) मा समुच्चस्त्रीकर एवं त्रिकर शव्द उल्लेख भएको कुरालाई लिएर कतिपय इलिहासकारहरूले स्त्री माथि कुनै कर लाग्थ्यो भन्ने अनुमान गरेका छन्। यसले स्त्रीको जीवन वा अस्तित्व गिरेको

आशंका गरिएको पाईन्छ। तर धनबज्र बज्राचार्यज्यूले अनेक ऐतिहासिक प्रमाण स्वरूप यो स्त्रीमाथि लाग्ने कर नभई भाग, भोग, कर (पिण्डक) तीन समुच्च कर (त्रिकर) हुन् (पृ. २४७) भन्ने कुरा प्रष्ट गरेका छन्। तत्कालीन, निम्न वर्गका नारीको आर्थिक अवस्था त्यति राम्रो नभएको र उनीहरू आफ्नो जीवन निर्वाहका लागि संसाना रोजगारी गर्दथे भन्ने कुरा ".... बढार्ने आईमाईलाई १ पुरान ४ पन...." (अ. ७२: ३०१-८) भनी पारिश्रमिक तोकिएवाट प्रष्ट हुन्छ। यसरी साधारण कार्य नै भएतापनि नारीहरू सरकारी नोकरीमा संलग्न रहेको कुरा बुझिन्छ भने गरीव भएपनि नारीहरू आत्मनिर्भर र स्वावलम्बी रहन प्रयत्नरत रहेको वुझिन्छ।

यस वाहेक त्यसताका देवदास र देवदासीहरूको प्रचलन रहेको थियो भन्ने कुरा एक अभिलेख (अ. १२९: ४८५-८९) वाट प्रष्ट हुन्छ। त्यसमा "... १० जना देवदासलाई १४० माणिका र २० जना देवदासीलाई ३६० माणिका ..." भनी लेखिएको हुंदा देवदासले भन्दा देवदासीले प्रतिव्यक्ति ४ माणिका वढी पारिश्रमिक पाउने स्पष्ट भएको छ। हुन त यो अभिलेख निकै खण्डित रहेको हुंदा के कस्तो कार्यको लागि यस्तो भिन्न पारिश्रमिक रहेको हो स्पष्ट हुन सकेको छैन तैपनि सरकारी तवरवाट नारीहरूको आर्थिक हकमा समानता मात्र नभै औषत रूपमा प्राथमिकता दिएको छ कि भन्ने अनुमान गर्न सकिन्छ। त्यसै अभिलेखको (पृ. ४८८) अर्को खण्डमा देवदासहरूलाई १२० पुराण र देवदासीहरूलाई ८०..." भनी उल्लेख भएको छ। तर यही कति जनाको लागि भन्ने स्पष्ट छैन। यदि सोही १० र २० जना देवदास र देवदासीको वारेमा यो रकम छुट्याईएको भए नारीले पुरूषको दाँजोमा तीन खण्डको एक खण्ड मात्र पारिश्रमिक पाउने वुझिन्छ। अन्य प्रमाण नभेट्टाएसम्म नारी र पुरूषको पारिश्रमिक दस्तुरको के कस्तो व्यवस्था थियो भन्ने प्रष्ट गर्न सकिदैन।

## धार्मिक स्थिति

माथि उल्लिखित विभिन्न अभिलेखहरूवाट तत्कालीन समाजमा हरेक व्यक्तिलाई वर्ग, वर्ण र लिङ्गभेद विना धार्मिक स्वतन्त्रता रहेको प्रष्ट हुन्छ। उक्त स्वतन्त्रताको उपभोग नारी वर्गले राम्ररी गरेको पाईन्छ। आ-आफ्नो ईच्छाअनुसार कुनै नारीले शिवलिङ्ग भोगेश्वर, लाडितमहेश्वर त कसैले आर्यावलोकीतेश्वर, विजयश्वरी आदि स्थापना गर्नु एवं भिक्षुणीसंघका लागि गुठी राख्नु, चैत्य निर्माण गर्नु आदि गरेको पाईन्छ। यी विविध कृतिहरूलाई औल्याउदै एकै परिवारका सदस्यहरू पनि वैष्णवी, शैवी र शक्ति उपासक भएको दर्साएका छन् (रेग्मी २०२६: ३४८)। तर ती अभिलेखहरूमा विभिन्न राजाहरूले जस्तो ती महिलाहरूले आफुलाई वैष्णव, शाक्त वा वौद्ध मार्गी भनी घोषणा गरेको पाईदैन। शैव, वैष्णव एवं शाक्त सवै हिन्दु धर्मकै हाँगाहरू हुन्। तसर्थ एकै परिवारमा विविध धर्मको नभै एकै मूल धर्मका अनुयायी भएको मान्न सकिन्छ। कुनै धर्मको अनुयायी भएर मात्र नभै आफ्नै वा कसैको ईच्छापूर्ति एवं तत्कालीन समाजको आवश्यकता पूर्ति गर्ने वा सांस्कृतिक संपदा संरक्षण गर्ने जस्ता धर्म कृति राखेको पनि पाइन्छ। उदाहरणार्थ स्वर्गीय

विभुवर्माको इच्छा पूर्ति गर्न भग्न मातृकागणको पुनरूत्थानका लागि देश भट्टारिका अग्रसर भएको, ठाउँको आवश्यकतानुसार लोककल्याणका लागि धारा राख्ने, भिक्षुणी संघको संरक्षण गर्ने गरेकोलाई लिन सकिन्छ। तसर्थ ती महिलाहरूमा विविध धार्मिक सम्प्रदायको केही प्रभाव परेतापनि उनीहरू सोही सम्प्रदायको अनुयायी नै भएका थिए भन्न अलि कठिन पर्छ। जे होस त्यस समयमा आफ्नो ईच्छा र गच्छेअनुसार कुनै पनि धर्म कृति राख्न नारीलगायत संपूर्ण वर्गका व्यक्तिलाई स्वतन्त्रता थियो। त्यसमा धार्मिक सहिष्णुताले ठूलो भुमिका खेलेको देखिन्छ।

तत्कालीन समाजमा हिन्दु र वौद्ध धर्मको उत्थान, संरक्षण र संबर्धनका लागि नारी पुरूष दुवै वर्ग तत्पर रहेको पाईन्छ। तर वौद्ध धर्मको संरक्षण र सम्बर्धनमा भने राजपरिवारका महिलाहरू भन्दा सर्वसाधारण वर्गका महिलाहरूको सहभागिता वढेको पाईन्छ। जस्तै एक महिलाले ठूलो चैत्य निर्माण गरी ४५ माणिका कुत आउने गुठी राखेकी (अ. १: १-८), मृगिणिले आर्यभिक्षुणी संघकोलागि गुठी राखेकी (अ. ९५: ३८२-३८३), कुनै एक साधारण महिलाले पूजा र मर्मत संभारका लागि आर्यभिक्षुणी संघलाई केहि पण पुराण नगद दान दिएको (अ. १३५: ५०७) आदि। तर राजपरिवारका महिलाहरूको वौद्ध धर्म उत्थानका लागि राखेका कृतिहरू पाईदैन।

विविध अभिलेखले प्राचीनकालमा भिक्षुहरूले जस्तै भिक्षुणीहरूले पनि आफ्नो बेग्लै संघ स्थापना गर्न पाउने र दानको सहभागी बनेको कुरा स्पष्ट भएको छ। धर्ममा लिङ्गभेद अनुसार भेदभाव देखिदैन जबकि वर्तमान युगमा हिन्दु धर्ममा मात्र नभई वौद्ध धर्ममा समेत लिङ्गभेदको हिसाबमा व्यापक असमानताहरू व्याप्त भएको पाईन्छ। उदाहरणार्थ गृहत्याग गरी भिक्षुहरूले जस्तै विहारमा जीवन यापन गरेतापनि नारी वर्गले भिक्षुणी उपाधि नपाई केवल अनागारिका वन्ने र उच्च दान एवं विशिष्ट समारोहका भोजनमा भिक्षुहरूको प्रथम हक हुने, महापरित्राण संचालन अनागारिकावाट नहुने आदि असमानताहरू पाईन्छन्। हाल विद्यमान यी लिङ्गभेदअनुसारको धार्मिक हक माथिको असमानता कहिले शुरू भयो, भिक्षुणी संघको विलय कहिले भयो भन्ने विषय अध्ययन गर्न बाँकि नै छ। वज्राचार्यको भनाईमा (२०३०: ५०७), मध्यकालमा नै भिक्षुणी संघको लोप भैसकेको थियो भन्ने छ। जे होस् विविध आधारवाट नियाल्दा प्राचीनकालमा आजको भन्दा व्यापक रूपमा धार्मिक सहिष्णुता मात्र नभई स्त्री र पुरूष वीच कुनै भेदभाव विना धार्मिक स्वतन्त्रता र समानता रहेको कुरा माथिको उदाहरणहरूबाट थाहा पाइन्छ ।

## सिंहावलोकन

माथिका वृतान्तवाट प्रष्ट भएको छ कि प्राचीन समाजमा नारीले केही विषयमा स्वतन्त्रता र धार्मिक समानताको उपभोग गरेका थिए। तर तत्कालीन स्थिति वन्देजहरू अध्ययन गर्दा नारी र पुरूष वीच असमानताको खाडल व्यापक रहेको पाईन्छ। ती स्थिति वन्देजहरूमा कुनै न कुनै प्रकारले पुरूषको हक सुरक्षित गर्ने नीतिहरू लुकेको पाईन्छ। तर पनि नारीको आफ्नै सक्रियता र क्षमतामा आआफ्नो कृति फैलाउन वा परिचित हुन

केही नारीहरू सफल भएका थिए। जस्तै राज्यवती राजा मानदेवका संरक्षिका वनेकी हुंदा राजनीतिमा समेत उनी सक्रिय रूपमा संलग्न रहेको देखिन्छ। विजयवती अनेक कलाका पारंगत भनी परिचित (अ. २०: ८२-८७) भएकी छिन्। तसर्थ उनले विविध कला तर्फ शिक्षा हासिल गरेको स्पष्ट हुन्छ। तर यस समयमा महिलालाई शिक्षा दिन पुरूषहरूको लागि जस्तो सार्वजनिक संस्थाको व्यवस्था भएको देखिदैन (Shah, 1992:29)। तसर्थ के बुझिन्छ भने उनीले आफ्नो व्यक्तिगत प्रयास र इच्छावाट शिक्षा प्राप्त गरेकी थिइन्।

वज्राचार्यको पुस्तकमा भृकुटीवारे कुनै अभिलेख समाविष्ट भएको छैन। राष्ट्रिय विभुतिको रूपमा परिचित भृकुटी र तिव्वती शासक श्रङचोङ ग्याम्पोको विवाह सम्वन्धवारे विचार गर्ने हो भने उनले नेपालको राजनैतिक एवं कुटनैतिक सम्वन्धमा महत्वपूर्ण दायित्व निभाएको देखिन्छ। तर आजको दृष्टिवाट उनको स्थिति अर्थात वैवाहिक सम्बन्धको निर्णयलाई नियाल्दा उनको आफ्नै व्यक्तिगत अस्तित्व नभएको देखिन्छ। यसकारण भण्डारीले (२०२५: ७०) "... आमा वावु नै कन्याको भाग्य निर्माता हुन्थ्यो...." भन्नुमा कुनै असत्यता देखिदैन। यस घटनालाई देशको आवश्यकता पूर्तिका लागि एक नारी (राजकुमारी) को बली चढाएको पनि मान्न सकिन्छ। जुन प्राय लिच्छविहरूले वैशालीकालदेखि नै गर्दै आएको पाईन्छ (Jha, 1970: 26-27)। आखिर भृकुटीले आफ्नो क्षमतावाट ख्याति प्राप्त गरिन्, नेपाल-तिव्वत सम्बन्ध सुधारिन् ।

माथि उल्लिखित संपूर्ण अभिलेखहरूको अध्ययनपछि यही निश्कर्षमा पुग्दछौ कि त्यसवेला स्त्रीले धार्मिक, आर्थिक एवं व्यक्तित्वको विकासमा केही अवसरहरू उपभोग गरेका थिए। समष्टिगत रूपमा, त्यसबेला वनेका नियम कानूनहरू एकातिरवाट केहि स्वतन्त्रता दिएको देखिन्छ भने अर्को तर्फवाट तिनै नियमहरूले नारीलाई विविध कानूनी एवं सामाजिक वन्धनमा जाकिदिएको पनि पाईन्छ। तसर्थ ".... Women were highly respected in society..." भन्ने झा (१९७०: १७५) को भनाई स्वीकार योग्य देखिदैन। नारी स्वयम अग्रसर र सक्षम भए मात्र समाजमा प्रतिष्ठित हुन पुग्थें र उनीहरूले शिक्षा हासिल गर्नुको साथै तत्कालीन राजनीतिमा समेत सक्रिय भूमिका निभाएको देखिन्छ।-

शाहको यो भनाई ".... Men & Women enjoyed equal status in performing Religious & Social Duties...." (१९९२: २९) मा अर्ध सत्यता मात्र पाईन्छ। किनकि धार्मिक क्षेत्रमा समानता पाए तापनि सामाजिक दायित्वमा भने स्त्री र पुरूषवीच निकै भिन्नता पाइन्छ। तत्कालीन स्थिति वन्देजहरू अनुसार पति बहुलाएमा, जोगी भै गएमा, मृत्यु भएमा, हराएमा, पतित भएमा वा राजदण्ड पाएमा पत्नीले पुनर्विवाह गर्न पाइने व्यवस्था गरेको पाइन्छ। यो व्यवस्थालाई लिएर कतिपय इतिहासकारहरूले पुनर्विवाह, विधवा विवाहलाई कानूनी मान्यता दिएको भनी चर्चा गरेका छन्। हुन त यी विविध सनदपत्रहरूले नारी वर्गलाई पुनर्विवाह एवं विधवा विवाहलाई कानूनी मान्यता दिएको मान्न सकिन्छ तर त्यही अभिलेखवाट के प्रष्ट पारेको छ भने पुनर्विवाह गर्ने नारीलाई "चरित्रहीन" को दर्जा दिइन्थ्यो भने पुनर्विवाह पश्चात निसन्तान रहेको खण्डमा "माप्चोक" अड्डावाट कारवाही गरिन्थ्यो। एक पुरूषले वहुविवाह गर्न वा भित्रिनी राख्न

यी कुनै नियमको पालन गर्नु पर्दैनथ्यो न त लान्छित नै हुन्थ्यो। उ हरेक तवरवाट स्वतन्त्र भनौ वा पत्नी प्रति अनुत्तरदायी रहे पनि मतलव नहुने देखिन्छ। यदि नारी पनि पुरूष जतिकै स्वतन्त्र भैदिएको भए यस्तो दोधारे नियम बन्दैनथ्यो होला। कुनै नारीले चैत्य निर्माण गरी गुठी राखेर प्राप्त पुण्यवाट ''.......स्त्रीत्व छोडी पुरूषत्व पाउँ ......'' (अ. १: १-२) भनी प्रार्थना नै गर्दैनथे होला। हरिराम जोशी (२०३०: ६९) ले यसै प्रसंगमा ''....उत्तर प्राचीनकालमा पनि पुरूषहरू समाजमा विशेष आदरणीय रहेर नारी जीवन एक प्रकारले हीन संभने प्रवृति स्वयम नारीमा आएको देखिन्छ ......'' भन्ने विचार व्यक्त गरेका छन्। साथै जोशी एवं वज्राचार्य दुवैले नारी माथि किन्नरी जातकको प्रभाव परी स्त्रीत्ववाट वैराग्य उत्पन्न भएको आशंका व्यक्त गरेका छन्। परन्तु किन्नरी जातक कथाको सार संक्षेप (अ. १: ६-७) अध्ययन गरेपछि यस कथाका नारी पात्र (रानी) लाई नभई पुरूष पात्र (राजा) लाई नारी प्रति घृणा, अविश्वास र वैराग्यता उत्पन्न हुनु पर्ने एवं पुरूष पुरूष वीच वैमनस्यता र ईर्ष्या उत्पन्न हुनु पर्ने महसुस हुन्छ। नारीमा यस्तो वैराग्यता किन आयो? दण्डको भागी भएर? विचारणीय छ कि सोही अपराधमा कतै नारीले मात्र दण्ड पाउने पुरूषले नपाउने हो कि? यदि इन्द्रिय दमनकै कुरालाई स्वीकार गर्ने हो भने उनले पुरूष भएर फेरी जन्मनु भन्नु पर्छ जस्तो लाग्दैन वरू वौद्ध सिद्धान्तानुसार मोक्षकै कामना गरे पनि हुन्थ्यो। तर उनले मोक्ष खोज्नुको सट्टा नारीत्ववाट मुक्ति पाई पुरूषत्व प्राप्तिको चाहना गरेका छन्। तसर्थ त्यस अवस्थामा पुरूषको जीवन नारीको भन्दा निकै सुविधा युक्त थियो र निकै स्वतन्त्र थिए भन्ने अनुमान गर्न सकिन्छ।

समाजमा पत्नीलाई अर्धांगीणीको दर्जा दिइन्थ्यो। मानदेवले आफ्नो मुद्रामा एकातिर ''मानाङ्क'' र अर्को तिर ''श्री भोगिणी'' कुँदाएर भोगिनीलाई आफू सरहको स्थान दिएका थिए (वज्राचार्य २०३०: १७४) भन्ने उल्लेख गरी समाजमा नारी र पुरूषको समान स्थान थियो भन्ने उल्लेख गरेको देखिन्छ। तर यति मात्रैले दुवै वर्गको समान स्थान रहेको प्रष्ट हुदैन। माथि उल्लिखित विविध अभिलेखहरूअनुसार मानदेवका तीन पत्नी थिए भन्ने स्पष्ट भएको छ। एकलाई समान स्थान दिएर अन्यलाई त्यसवाट विमुख गरेका छन्। यदि समाजमा साच्चै पत्नीलाई अर्धाङ्गीणी मान्ने हो भने यसरी वहुविवाह वा वहुपत्नीको प्रश्न उठ्दैनथ्यो। वहुपत्नी ग्रहण गर्नासाथ अर्धाङ्गीणीको अस्तित्व स्वतः अन्त हुन्छ।

यसरी हरेक दृष्टिवाट प्राचीन नेपाली समाजमा नारी र पुरूष वीच रहेको असमान व्यवस्था र व्यवहारहरूको अस्तित्व प्रष्ट हुन्छ। यस्तो असमानता व्याप्त हुंदा हुदै पनि रेग्मीले (२०२६: ३४७) भने जस्तो नारीको स्वतन्त्र अस्तित्व नै नभएको चाहि कदापि हैन। त्यस समय यदि कसैले अपराध गरेमा अपराधी लगायत उनका संपूर्ण परिवारलाई नै दण्ड दिईन्थ्यो। वज्राचार्य, (२०३०: ४५१, ४९६-५०६) केवल अपराधीका पत्नीलाई मात्र हैन। तसर्थ यस कुरालाई औल्याएर स्त्रीको स्वतन्त्र अस्तितव नभएको मान्न सकिदैन। यस सम्बन्धमा निस्कर्षमा पुग्न नारीले गरेको अपराधमा उनका पति एवं परिवार

दण्डको सहभागी हुने कानूनी व्यवस्था थियो, थिएन भन्ने कुरा पत्ता लगाउन जरूरी छ। यदि पत्नीको अपराधमा पतिलाई दण्ड नदिने हो र केवल पतिको अपराधको दण्डका सहभागी पत्नी पनि हुनु पर्ने हो भने के सिद्ध हुन्छ भने त्यस समय स्त्रीको स्वतन्त्र अस्तित्व थिएन। हालसम्म यस विषयमा कुनै स्पष्ट प्रमाण प्राप्त भएको छैन। तसर्थ अन्य प्रमाण नभेट्टाएसम्म प्राचीन नेपालको समाजमा स्त्री अस्तित्वहीन थिएन, उनीहरू केही हदसम्म स्वतन्त्रताको उपभोग पनि गर्दथे तर पुरूषको दाँजोमा स्त्रीको समानान्तर स्थिति भने थिएन भन्ने निस्कर्षमा पुगिन्छ। समाजमा नारी र पुरूष वीचको असमानताको खाडल खन्न सामाजिक र धार्मिक बन्धन (पतिव्रत) त बिद्यमान थिए नै तिनलाई अझ गहिरो बनाउन तत्कालीन प्रशासनिक एवं कानूनी व्यवस्थाले पनि कम भूमिका खेलेको देखिदैन। यसवारे थप कुरा भन्न वा निश्चित निस्कर्षमा पुग्नचाहिं वढी प्रमाणको प्राप्ति तथा विश्लेषणको खाँचो छ।

अस्तु।

## सन्दर्भ सूचि

(English)

Jha, Hit Narayan, 1970. *The Licchavis,* Chowkhamba Sanskrit Series Office: Varanasi.

Michaels Axel, 1992. "Widow Burning in Nepal", *Nepal Past & Present,* Sterling Publisher Pvt. Ltd. Paris.

Regmi, D.R. 1969. *Ancient Nepal,* Firma K. L. Mukhopadhyaya, Calcutta.

Shah, Rishikesh, 1992. *Ancient & Medieval Nepal* Manohar Publication: New Delhi.

(नेपाली)

जोशी, हरिराम (सं.), २०३०, *नेपालको प्राचीन अभिलेख,* नेपाल राजकीय प्रज्ञाप्रतिस्ठानः काठमाडौं।

बज्राचार्य, धनवज्र, २०३०, *लिच्छिविकालका अभिलेख,* नेपाल र एशियाली अध्ययन संस्थानः कीर्तिपुर।

भण्डारी, ढुण्डिराज, २०२५, *नेपालको ऐतिहासिक विवेचना,* कृष्ण कुमारीः बनारस।

रेग्मी, जगदीश चन्द्र, २०२६, *लिच्छवि संस्कृति,* रत्न पुस्तक भण्डारः काठमाडौं।

श्री ५ को सरकार, २०२२, *श्री ५ सुरेन्द्र विक्रम शाहको शासन कालमा बनेको मुलुकी ऐन,* कानून मंत्रालयः काठमाडौं।